उर्लाबारी नगरपालिकाको सार्वजनिक सुनुवाई प्रतिवेदन

आर्थिक वर्ष २०८०/०८१ तेस्रो चौमासिक

२१ असोज २०८१

सञ्चार क्लब नेपाल
उर्लाबारी, मोरङ

उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को तेस्रो चौमासिकमा भए गरेका कार्यहरुको सार्वजनिक सुनुवाई प्रतिवेदन

१. पृष्ठभूमि :

विकेन्द्रिकरणको अवधारणा अनुसार बिकासका प्रयासहरुलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । तीनै ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाइरहेका छन् । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहिता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालायका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनताप्रतिको जवाफदेहिता, उत्तरदायित्व र विकाससँग सम्बन्धित रहन्छ । उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङले कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिन र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनवाई कार्यविधि अनुसार वर्षको कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । तिनै व्यवस्थाहरु मध्ये आर्थिक वर्ष २०८०/०८१ को तेस्रो चौमासिक अवधिमा सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको छ । यस सार्वजनिक सुनवाई कार्यक्रमको सहजीकरण तथा सहकार्य सञ्चार क्लब नेपाल उर्लाबारी, मोरङलाई जिम्मेवारी दिएको सन्दर्भमा सो संस्थाको प्राविधिक सहयोगमा सञ्चालन भएको सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

२. सार्वजनिक सुनुवाईको औचित्य:

सार्वजनिक सुनवाई कार्यविधिमा व्यवस्था भए अनुसार नगरपालिकाको नगरसभाबाट विनियोजित बजेट तथा कार्यक्रमहरुबाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाई गर्नु पर्ने कुरा उल्लेख भएको छ । उर्लाबारी नगरपालिकामा आ.व. २०८०/०८१ को तेस्रो चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवाग्राहीहरुको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ ।

सञ्चार क्लब नेपाल
उर्लाबारी, मोरङ

३.सार्वजनिक सुनवाई कार्यक्रमको उद्देश्य:

यस कार्यक्रमको मुख्य उद्देश्य उर्लाबारी नगरपालिकाबाट आव २०८०/०८१ को तेस्रो चौमासिक अवधिमा नगरपालिकाका बासिन्दाहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए:

क. जनगुनाासाहरु सुन्नु,

ख. जनताको समस्यामा छलफल गर्नु,

ग. नगरपालिकामा आ.व. २०८०/०८१ को तेस्रो चौमासिक अवधिमा गरिएका कामहरुको मूल्यांकन गर्नु,

घ. आगामी दिनहरुमा नगरपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।

४. कार्यक्रमबाट भएका उपलब्धिहरु

(क) नगरपालिका र नगरबासी बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।

(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ ।

५. सार्वजनिक सुनवाई कार्यकमको विवरण

(क) सार्वजनिक सुनुवाई कार्यक्रम आयोजक: उर्लाबारी नगरपालिका, उर्लाबारी (मोरङ)

(ख) सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था: सञ्चार क्लब नेपाल उर्लाबारी, मोरङ

(ग) सार्वजनिक सुनुवाई कार्यक्रम भएको मिति : २०८१ असोज २१ गते सोमबार

(घ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको स्थान : उर्लाबारी नगरपालिकाको सभाहल, उर्लाबारी-४, आइतबारे (मोरङ)

(ङ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको समय: दिनको दिउसो २:०० बजेदेखि ६:०० बजेसम्म ।

(च) कार्यक्रम सञ्चालन गरिएको समयावधि: ४ घण्टा

(छ) कार्यक्रममा सहभागी संख्या: १४३ जना

(ज) कार्यक्रमको अध्यक्षता : उर्लाबारी नगर प्रमुख गंगाप्रसाद खरेल

(झ) नागरिक प्रतिवेदन सर्वेक्षणको सहभागी संख्या: १५० जना

(ञ) बहिर्गमन अभिमत सर्वेक्षणको सहभागी संख्या: १५० जना

(ट) नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत सम्पादन: सञ्चार क्लब नेपालका पूर्वअध्यक्ष नवराज भट्टराई

६. सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएका प्रतिवेदनहरु:

क) उर्लाबारी नगरपालिकाको चालु आवको दोस्रो चौमासिक प्रगति प्रतिवेदन:
प्रस्तुतकर्ता योजना शाखाका अधिकृत विकास दाहाल ।

ख) नागरिक प्रतिवेदनको प्रस्तुतकर्ता: सञ्चार क्लब नेपालका सदस्य विवेक न्यौपाने

ग) बहिर्गमन अभिमत प्रतिवेदनको प्रस्तुतकर्ता: सञ्चार क्लब नेपालका सदस्य विवेक न्यौपाने

७. सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरु:

आम्दानी, खर्च, शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, नगरपालिकाको भौतिक पूर्वाधार तथा विकास निर्माण, वैदेशिक रोजगार ।

८. सार्वजनिक सुनवाई कार्यक्रममा भएको उपस्थिति:

यस कार्यक्रममा उर्लाबारी नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ को तेस्रो चौमासिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य र नगरपालिकाले पुऱ्याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । नगरपालिकाका सम्पूर्ण बस्तीहरु, टोल विकास संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, उपभोक्ता समिति, सामुदायिक विकास संस्था, विद्यालयहरु, सहकारीहरु, आमा समूहहरु, सामुदायिक वन उपभोक्ता समितिहरु, महिला समूहहरु, दलित उत्थान समूहहरु, व्यावसायीहरु, शिक्षक, बुद्धिजीवीहरु तथा नगरपालिकाका विषयगत शाखाहरुलाई सार्वजनिक सूचना मार्फत आमन्त्रण गरिएको थियो । सो मध्येका सबै प्रतिनिधि गरी १ सय ४३ जनाको उपस्थिति भएको थियो । यसको विवरण तल उल्लेख छ ।

९. सार्वजनिक सुनवाई कार्यक्रमको पहिलो शत्र:

यस कार्यक्रमको पहिलो सत्र देहाय अनुसार सञ्चालन भएको थियो ।
क) अध्यक्षता ग्रहण उर्लाबारी नगरपालिका नगर प्रमुख श्री गंगाप्रसाद खरेल
ख) पदाधिकारीहरुको आसन ग्रहण

- नगर उपप्रमुख मीना खतिवडा पौडेल
- प्रमुख प्रशासकीय अधिकृत अभयकुमार गुप्ता
- यस न.पा. का सबै वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु
- सरोकारवाला कार्यालयका प्रमुखहरु,
- राजनीतिक दलका प्रमुखहरु
- कार्यालयका कर्मचारीहरु
- उपस्थित सबै जनसमुदायहरु

ग) राष्ट्रिय गान: सामुहिक
घ) ज्ञात अज्ञात सहिदहरुको सम्झनामा १ मिनेट मौनधारण
ङ) स्वागत मन्तव्य: प्रमुख प्रशासकीय अधिकृत अभयकुमार गुप्ता
च) नगरपालिकाको सेवाप्रवाह सम्बन्धी प्रस्तुति योजना शाखाका अधिकृत विकास दाहाल

१०. सार्वजनिक सुनवाई कार्यकमको दोश्रो शत्र

क) सार्वजनिक सुनवाई सहजीकरण गर्ने सञ्चार क्लब नेपालका सदस्य विवेक न्यौपानेद्वारा सार्वजनिक सुनवाई कार्यक्रममा पालना गर्नु पर्ने आचारसंहिता बारे जानकारी प्रस्तुत ।
ख) कार्यविधि बमोजिमको नागरिक प्रतिवेदन (Citizen Report Card) र बहिर्गमन अभिमत (Exit Poll) सेवा प्रवाह सम्बन्धि गरिएको अध्ययनबाट प्राप्त भएको विवरण अनुसार तयार पारेको प्रतिवेदनको प्रस्तुति

११. सार्वजनिक सुनुवाई कार्यक्रमको तेस्रो शत्र

क) प्रश्न उतर तथा छलफल: सहभागीबाट प्रश्न राख्ने ।

ख) प्रश्न सहभागीबाट आएका जिज्ञासाको उत्तर निम्न महानुभावले दिनुभएको थियो:

१) वडा नं. २ का वडाध्यक्ष राजनकुमार कँडेल

२) वडा नं ४ का वडाध्यक्ष कल्याणकुमार राई

३) प्रमुख प्रशासकीय अधिकृत अभयकुमार गुप्ता

४) नगर उपप्रमुख मीनाकुमारी खतिवडा पौडेल

५) नगर प्रमुख गंगाप्रसाद खरेल

ग) सभापति नगर प्रमुख श्री गंगाप्रसाद खरेलबाट सभा विसर्जन

कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु:

क्र.स.	प्रश्न गर्ने वा सुझाव दिनेको नाम, थर, ठेगाना	सहभागीको प्रश्न, गुनासो, सुझाव	जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना	जवाफको छोटकरी व्यहोरा
१.	रोहित आचार्य उर्लाबारी-२	- संचार क्लबले अभिमत कसरी संकलन गरेको हो ?	कुमार खड्का अध्यक्ष संचार क्लब	नगरपालिकाले उपलब्ध गराएको कार्यविधि अनुसार नै अभिमत संकलन गरिएको हो ।
२	विकास बुढाथोकी उर्लाबारी-७	उर्लाबारी बहुमुखी क्याम्पसमा राजनीति भयो ?	गंगाप्रसाद खरेल नगर प्रमुख	म क्याम्पस सञ्चालक समितिको पदेन सदस्य हुँ । क्याम्पसमा कसैले राजनीति गरेको छैन । सबैले आफ्नो इज्जत, मान, प्रतिष्ठा अनुसार काम गर्नुपर्छ ।
३.	कुमार दाहाल उर्लाबारी-५	-कृषिको अनुदान वितरणमुखी भयो, उत्पादनमुखी भएन, देखिने गरिको काम हुनुपर्‍यो । -कृषिमा विचौलियाको अन्त्य गरी मूल्य निर्धारण गर्नुपर्छ ?	गंगाप्रसाद खरेल नगर प्रमुख	सकारात्मक विषय उठान भएको छ । वितरणमुखीभन्दा पनि परिवर्तन देखिने गरिको कार्य गर्ने योजना छ । विचौलियाका कारण कृषक मारमा परेका छन् । यसतर्फ पनि विशेष पहल गरिने छ ।
४.	विजय माझी उर्लाबारी-३	मदन भण्डारी अस्पतालमा एउटा डाक्टरले परीक्षण गर्ने र रिपोर्ट अर्कोले हेर्ने गरेको छ ?	गंगाप्रसाद खरेल नगर प्रमुख	यो अस्पतालकमा वेथिति छ भन्ने गुनासो आएपछि मैले पटक पटक अनुगमन गरेको छु । निगरानी गरिरहेका छौं ।
५.	प्रभु राई उर्लाबारी-६	-दुर्गा माविको विद्यालय भवन निर्माण सुरु गरी किन निर्माण प्रक्रिया अघि बढाइएन ? -शिक्षकको तलबमान किन फरक छ ?	-गंगाप्रसाद खरेल नगर प्रमुख शालिग्राम काफ्ले शिक्षा शाखा प्रमुख	-सुरुमा प्रदेश सरकारबाट बजेट लगाइएछ, धेरै ठूलो बजेट लाग्ने किसिमको भवन निर्माण सुरु गरिएको छ । -शिक्षक फरक फरक प्रकृतिका हुने

पत्रकार क्लब नेपाल स्था : २०६० उर्लाबारी, मोरङ

		-विद्यालयमा डिजिटल हाजिरी मेसिन बिग्रेको छ, कहिले बन्छ ?		भएकोले तलबमान फरक हुन्छ । -समस्या के हो बुझेर समाधान गरिनेछ ।
६.	रुद्र तामाङ उर्लाबारी-३	अभिमतमा सहभागीको उपस्थिति खोई ? कुन विद्यालयमा केके संरचना बने ? सामुदायिक विद्यालयका शिक्षकले आफ्ना छोराछोरी संस्थागतमा पढाउन मिल्छ ? स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाको सहभागिता खोई ?	कुमार खड्का अध्यक्ष संचार क्लब गंगाप्रसाद खरेल नगर प्रमुख शालिग्राम काफ्ले शिक्षा शाखा प्रमुख	-अभिमत लिँदै बोलाइएको हो, कतिपय आउनुभएको छ । -धेरै संरचना बनेका छन्, शिक्षा शाखामा आएर बुझ्न सक्नुहुनेछ । - यस विषयमा धेरै छलफल भएको छ । तर, बालबालिकाका आफ्ना अधिकारका कुरा पनि हुन्छन् । -विगतमा भएका गल्ती कमजोरी सच्याउँदै अबका दिनमा अघि बढिने छ ।
	गणेश आचार्य उर्लाबारी-२	बाटो स्तरोन्नति गर्ने समिति बन्यो, काम भएन किन ? बेरोजगारी समस्या विकराल छ, नगरपालिका के गर्दैछ ?	गंगाप्रसाद खरेल नगर प्रमुख	- समिति भर्खरै बनेको हो, अब काम हुन्छ । -यो समस्या देशैभरको समस्या हो । नगरले केही मात्रामा गर्न सक्छ, पहल गरिरहेका छौं ।
८.	उमेशजंग थापा उर्लाबारी-२	-लगानी वितरणमुखी नभई उत्पादनमुखी हुनुपर्‍यो ? -कृषिमा गरिएको लगानी र यसको प्रतिफलको तथ्यांक के छ ?	अभयकुमार गुप्ता प्रमुख प्रशासकीय अधिकृत	- उत्पादनमुखी बनाउन हामी प्रयासरत छौं ।
९.	देवेन्द्र कार्की उर्लाबारी-२	-वडा नं. २ मा प्राविधिक कर्मचारी नहुँदा कार्य सम्पादनमा कठिनाई भएको छ ? -वर्ल्ड बैंकको बाटो किन बन्न सकेन ?	अभयकुमार गुप्ता प्रमुख प्रशासकीय अधिकृत गंगाप्रसाद खरेल नगर प्रमुख	-पहिलेका प्राविधिकले राजीनामा दिनुभएको छ । अर्को वडाको प्राविधिकलाई खटाएर काम गरिँदै आएको छ । चाँडै पदपूर्ति हुनेछ । -निरन्तर प्रयत्नमा छौं । ठेकेदार पक्षका अनेक अड्चनले समस्या आएको छ । तरपनि प्रयास गरिरहेका छौं ।
१०.	यज्ञबहादुर बस्नेत उर्लाबारी-८	नगरका विभिन्न स्थानमा विद्युत तार अव्यवस्थित रहेको छ, नगरले किन ध्यान दिएन ?	गंगाप्रसाद खरेल नगर प्रमुख	यो समस्या समाधानका लागि विद्युत प्राधिकरणसँग समन्वय गर्नेछौं ।
११.	बोधराज खतिवडा वडा नं. २	मौरीपालक कृषकहरुलाई नगरले अनुदानमा ध्यान दिएन । वेतिनी सिमसार जाने बाटो भद्रगोल छ, कहिले बन्छ ?	गंगाप्रसाद खरेल नगर प्रमुख	अनुदान दिएका छौं । घार दिएका छौं, चिनी, सातु दिएका छौं । समिति बनेको छ, चाँडै बन्छ ।

सञ्चार क्लब नेपाल
स्था : २०६०
उर्लाबारी, मोरङ

१२.	सुमन कार्की उर्लाबारी-२	अघिल्ला सार्वजनिक सुनुवाईमा भएका प्रतिवद्धता पूरा भएकी भएनन् ? प्रमुख प्रशासकीय अधिकृत किन पूरा कार्यकाल नगरमा रहँदैनन् ? नगर र वडाले सञ्चालन गर्ने तालिम सिटिइभिटीको पाठ्यक्रम अनुसार किन सञ्चालन हुँदैन ?	गंगाप्रसाद खरेल नगर प्रमुख अभयकुमार गुप्ता प्रमुख प्रशासकीय अधिकृत	पूरा गर्ने प्रयत्नमा छौं । -प्रमुख प्रशासकीय अधिकृत मन्त्रालयले खटाउने हो, टिक्ने नटिक्ने भन्ने कुरा मन्त्रालयकै हो । -पाठ्यक्रम अनुसार सञ्चालन गर्ने प्रयास गर्ने छौं ।
१३	सोमप्रसाद तिम्सिना उर्लाबारी-३	नगरमा एउटै पनि सार्वजनिक शौचालय बन्न नसक्नुको कारण के हो ? शित भण्डार सञ्चालन गर्न केले बाधा पुऱ्यायो ?	गंगाप्रसाद खरेल नगर प्रमुख	- जग्गा खोजी गरिरहेका छौं । जग्गा प्राप्त हुनेसाथ बन्नेछ । - उर्लाबारी-६ मा शित भण्डार, कृषि बजार सञ्चालनका लागि कार्य अघि बढाइएको छ ।
	जितबहादुर तामाङ उर्लाबारी-४	शिवशंकर मार्गमा ड्रेन बन्न बाँकी छ, बारम्बार बनाउने भनिन्छ तर किन बन्दैन ?	कल्याणकुमार राई वडा नं ४ वडाध्यक्ष	- यस वर्ष बजेट विनियोजन भएको छ, यसै आर्थिक वर्षमा बन्छ ।

१२. सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरुः

क) सार्वजनिक सुनुवाई कार्यविधि र आचारसंहिता पालना
ख) नागरिक प्रतिवेदन, बहिर्गमन अभिमत
ग) सामाजिक सञ्जाल तथा माइकिङ गरी प्रचार प्रसार
घ) नगरबासी, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजीवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे सार्वजनिक सूचना
ङ) वृहत्त भेला तथा छलफल

१३. सार्वजनिक सुनवाई कार्यक्रमबाट भएका सिकाइहरु

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाइ भएको छ ।
- सार्वजनिक सुनुवाईबाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो ।
- सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरबासीको उल्लेख्य उपस्थितिको लागि बृहत रुपमा प्रचार प्रसार गर्नु पर्ने सिकाइ भएको छ ।
- यस प्रकारको सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा नगरपालिकाको कार्य सम्पादनमा सहयोग पुग्ने ।
- यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल हुने ।
- जनगुनासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम उपयुक्त भएको ।

पत्रकार क्लब नेपाल स्था : २०६० उर्लाबारी, मोरङ

१४. निश्कर्ष :

उर्लाबारी नगरपालिका नगर कार्यपालिका कार्यालयले आ.व. २०८०/२०८१ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम नेपाल सरकारको प्रचलित कानुन बमोजिम मिति २०८१/०६/२१ गते सम्पन्न गरेको हो । कार्यक्रम व्यवस्थित रुपले सञ्चालन गरेको देखियो ।

१५. कार्यक्रमका झलकहरु

सार्वजनिक सुनुवाईमा प्रयोग गरिएको व्यानर

उर्लाबारी नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरूबाट
आ.व. २०८०/०८१ को तेस्रो चौमासिकमा भए गरेका
विकास निर्माण एवम् सेवा प्रवाह सम्बन्धमा आयोजित

सार्वजनिक सुनुवाई कार्यक्रम

मिति २०८१ साल असोज २१ गते सोमबार

स्थान : उर्लाबारी नगरपालिकाको सभाहल

सहजीकरण:
सञ्चार क्लब नेपाल
उर्लाबारी, मोरङ

आयोजक
उर्लाबारी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ

सार्वजनिक सुनुवाई कार्यक्रमका सन्दर्भमा उर्लाबारी नगरपलिकाको कार्यालय र ९ बटा वडा कार्यालयबाट सेवाग्राहीसंग लिइएको नागरिक अभिमत।

सहजिकरणः
सञ्चार क्लव नेपाल
उर्लाबारी, मोरङ

१५० जना व्यक्तीहरुबाट लिएको नागरिक अभिमत मार्फत प्राप्त प्रतिक्रिया र अवस्था

नागरिकपत्र अभिमतबाट प्राप्त नतिजालाई यहाँ प्रस्तुत गरिएको छ ।

सि.नं.	सेवाको नाम	सोधिएका प्रश्न	सेवाको मूल्यांकन प्रतिशतमा		
१	सेवाको सन्तुष्टि	तपाईंले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनुभयो ?	सन्तुष्ट (५०%)	ठीकै (५०%)	असन्तुष्ट (०%)
		सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाईं कतिको सन्तुष्ट हुनुहुन्छ ?	सन्तुष्ट (४४%)	ठीकै (५६%)	असन्तुष्ट (०%)

२	सेवाको नियमितता	नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईंले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कतिको सन्तुष्ट हुनुहुन्छ।	सन्तुष्ट (३४%)	ठीकै (६४%)	असन्तुष्ट (२%)
		कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्य चुस्तता) सञ्चाल नभएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?	विश्वस्त (४६%)	ठीकै (५४%)	अविश्वस्त (0%)
		तपाईंले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नं भयो ?	तिरेको छैन (८०%)	एकदमै कम (२०%)	धेरै तिरेको (०%)
		यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औषत कति दिन लगाउने गरेको छ ?	१ दिन (६२%)	२ दिन (३४%)	धेरै दिन (४%)

३	सेवाप्रतिको जनविश्वास	यस संस्थाले दिने सेवा प्रतितपाईं कतिको विश्वस्त हुनुहुन्छ ?	विश्वस्त (५८%)	ठीकै (४२%)	अविश्वस्त (0%)
		यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कतिको प्रचार गर्नु भएको छ ?	धेरै (२८%)	ठीकै (३८%)	गरेको छैन (३४%)
		यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?	धेरै (३०%)	ठीकै (७०%)	विश्वास छैन (0%)
		यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?	छ (२८%)	छैन (२४%)	अलि अलि थाहा छ (४८%)

सञ्चार क्लब नेपाल
स्था : २०६०

४	सेवाको गुणस्तर	यस कार्यालयबाट सेवा लिँदा कार्यालयले दिएको जानकारीबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?	सन्तुष्ट (७८%)	कम सन्तुष्ट (२२%)	असन्तुष्ट (०%)
		तपाईं यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?	आफैं (८४%)	गाउँका ठूलाबडाको (६%)	मध्यस्थकर्ता (१०%)
		यस कार्यालयमा तपाईंले एउटा कामको लागिकति पटक धाउनु पर्‍यो ?	१ पटक (७०%)	२ पटक (२४%)	सोभन्दा बढी (६%)

५	सेवा सम्बन्धी जानकारी	कार्यालयको भौतिक अवस्था कस्तो छ ?	अति राम्रो (४४%)	ठीकै (५४%)	नराम्रो (२%)
		कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईंलाई जानकारी छ ?	छ (३०%)	आंशिक जानकारी छ (४८%)	कुनै जानकारी छैन (२२%)
		कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?	अति राम्रो (४०%)	ठीकै (६०%)	खासै राम्रो छैन (०%)
		पालिकातहमा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?	२० प्रतिशतजति (१८%)	५० प्रतिशतभन्दा माथि (४०%)	थाहा छैन (४२%)
		सभाबाट कानुन बनाउँदा र कार्यपालिकामा नीति, नियम र निर्देशिका र मापदण्ड तर्जुमा गर्दा छलफलमा प्रतिनिधित्व भएको छ ?	छ (६%)	ठीकै छ (४२%)	प्रतिनिधित्व साह्रै कम छ (५२%)

सञ्चार क्लब नेपाल, उर्लाबारी, मोरङ, स्था: २०६०

६	नागरिक बडापत्र उजुरी पेटिका गुनासो सुन्ने अधिकारी सम्बन्धमा	तपाईको विचारमा सेवा ग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?	धेरै (१६%)	कम (६२%)	गरेको छैन (२२%)
		तपाईंको विचारमा सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेजस्तो लाग्छ ?	धेरै (८%)	ठीकै (६८%)	अतिकम (२४%)
		तपाईंको विचारमा उजुरी पेटिकाको उपयोग कुन हद सम्मभएको छ ?	धेरै भएको छ (०%)	ठीकै भएको छ (५८%)	भएकै छैन (४२%)

बहिर्गमन अभिमत (Exit Poll) बाट प्राप्त अभिमत

उर्लाबारी नगरपालिका कार्यालय तथा वडा कार्यालय बाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरी बाहिरिएका नागरिक मध्ये १५० जना नमूना छनोट गरी बहिर्गमन सूचना संकलन गरियो । यसमा पुरुष, महिला, विभिन्न जातजातिको प्रतिनिधित्व गरिएको थियो ।

बहिर्गमन अभिमतबाट प्राप्त प्रतिक्रिया

सि.नं.	सेवाको नाम	मूल्याङ्कन		
१	सेवालिनको सँग सम्पर्क गर्ने भन्नेमा तपाईंलाई स्पष्ट जानकारी भयो	अति स्पष्ट (४८ प्रतिशत)	ठीकै (५० प्रतिशत)	अस्पष्ट (२ प्रतिशत)
२.	सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?	अति धेरै (६६ प्रतिशत)	ठीकै (३४ प्रतिशत)	थोरै (० प्रतिशत)

सञ्चार क्लब नेपाल उर्लाबारी, मोरङ स्था : २०६०

३.	तपाईं प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?	मिलनसार र मैत्रीपूर्ण (६८ प्रतिशत)	ठीकै (३२ प्रतिशत)	अभद्र अमर्यादित (० प्रतिशत)
४	सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु बारे तपाईंलाई सेवा प्रदायक कर्मचारीले स्पष्ट गरे कि ?	स्पष्ट गरिदिए (५६ प्रतिशत)	ठीकै (४४ प्रतिशत)	अलमलहुने गरी अस्पष्ट सूचना दिए (० प्रतिशत)
५.	तपाईंले राख्नें भएका समस्यालाई के कस्तो समाधान दिए?	अति सजिलो तरिकाबाट समाधान दिए (३८ प्रतिशत)	ठीकै (६२ प्रतिशत)	समाधान दिन सकेनन् (४ प्रतिशत)
६.	सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ?	अति सजिलो (३८ प्रतिशत)	ठीकै (६२ प्रतिशत)	लामो र झन्झटिलो (० प्रतिशत)

बहिर्गमन अभिमतबाट आएका गुनासा तथा सुधार गर्नुपर्ने पक्षहरु:

- १) राजश्व बढी भएको । कर अनलाइनबाटै तिर्ने व्यवस्थागर्नुपर्ने ।
- २) नागरिक बडापत्रको प्रभावकारिता हुनुपर्ने ।
- ३) समयमा खोज्दा कर्मचारी तत्काल भेटिनुपर्ने ।
- ४) हेल्प डेस्कको व्यवस्था नभएको ।
- ५) कतिपय वडा कार्यालयमा बैठक हल अभाव ।
- ६) वडा कार्यालयहरुको घेराबारा गर्नुपर्ने ।
- ७) कार्यालय अगाडिको पार्किङ व्यवस्थापनतथा सरसफाई गर्नुपर्ने ।
- ८) सूचना प्रवाह छिटो छरितो हुनुपर्ने ।
- ९) कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गर्नुपर्ने ।
- १०) वडा कार्यालयमा आवश्यक प्राविधिक कर्मचारीको व्यवस्थापन हुनुपर्‍यो ।

सञ्चार क्लब नेपाल, उर्लाबारी, मोरङ, स्था: २०६०

सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्नर आचार संहिता

- सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ।
- सहभागीले प्रश्न वा सुझाव के राखे हो, पहिले स्पष्ट गर्नुपर्नेछ।
- सहजकर्तालि बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राखु पर्नेछ।
- सेवाग्राही सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुँदागत रूपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकार्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।
- आफुभन्दा पहिलेका सहभागिले बोलेको कुरालाई दोहोर्याउन जरुरी हुनेछैन।
- चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइने छैन।

- सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा वदलाको भावनावाट भनाइ राख्न वा वोल्न पाइने छैन।
- सुनुवाइलाई विथोल्ने प्रयास कतैबाट भएको पाइएमा सवै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ।
- सुनुवाइलाई विषयान्तर हुनबाट रोक्न सबै सहभागि सचेत हुनु पर्नेछ।

सञ्चार क्लब नेपाल उर्लाबारी, मोरङ स्था. २०६०

नागरिक अभिमत लिएका फोटोहरु:





सञ्चार क्लब नेपाल
उर्लाबारी, मोरङ
स्था: २०६०



पत्रकार क्लब नेपाल ★ उर्लाबारी, मोरङ ★
स्था. : २०६०



★ सञ्चार क्लब नेपाल ★
उर्लाबारी, मोरङ
स्था. २०६०

धन्यवाद!!!

नागरिक प्रतिवेदन मार्फत प्राप्त प्रतिक्रिया र अवस्था

नागरिक पत्र अभिमत बाट प्राप्त नतिजालाई यहाँ प्रस्तुत गरिएको छ ।

सि.नं.	सेवाको नाम	सोधिएका प्रश्न	सेवाको मूल्यांकन प्रतिशतमा		
१	सेवाको सन्तुष्टि	१.तपाईंले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनुभयो ?	सन्तुष्ट (५०%)	ठीकै (५० %)	असन्तुष्ट (०)
		२.सेवालिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाईं कतिको सन्तुष्ट हुनुहुन्छ ?	सन्तुष्ट (४४%)	ठीकै (५६ %)	असन्तुष्ट (०)
२	सेवाको नियमितता	३.नागरिक वडापत्रमा उल्लेख भएअनुसार तपाईंले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ।	सन्तुष्ट (३४%)	ठीकै (६४ %)	असन्तुष्ट (२%)
		४.कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?	विश्वस्त(४६%)	ठीकै (५४ %)	अविश्वस्त (०%)
		५.तपाईंले सेवालिन जाँदा अतिरिक्त रकम तिर्नुभयो ?	तिरेको छैन (८० %)	एकदमै कम (२० %)	धेरै तिरेको (० %)
		६.यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औषत कति दिनलगाउने गरेको छ ?	१ दिन (६२ %)	२ दिन (३४ %)	धेरै दिन (४ %)
३	सेवा प्रतिको जनविश्वास	६.यस संस्थाले दिने सेवा प्रतितपाईं कतिको विश्वस्त हुनुहुन्छ ?	विश्वस्त (५८ %)	ठीकै (४२ %)	अविश्वस्त (०%)
		७.यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कतिको प्रचार गर्नुभएको छ ?	धेरै (२८ %)	ठीकै (३८ %)	गरेको छैन (३४ %)
		८.यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?	धेरै (३० %)	ठीकै (७० %)	विश्वास छैन (०%)
		९.यस कार्यालयले विपन्नवर्गको	छ (२८ %)	छैन (२४ %)	अलिअलिथाहा छ

		लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?			(४८ %)
४	सेवाको गुणस्तर	१०.यस कार्यालयबाट सेवा लिँदा कार्यालयले दिएको जानकारीबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?	सन्तुष्ट (७८%)	कम सन्तुष्ट (२२ %)	असन्तुष्ट (०%)
		११.तपाईं यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?	आफैं (८४ %)	गाउँका ठूलाबडाको (६ %)	मध्यस्थकर्ता (१० %)
		१२.यस कार्यालयमा तपाईंले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?	१ पटक (७० %)	२ पटक (२४ %)	सोभन्दा बढी (६ %)
५	सेवा सम्बन्धी जानकारी	१३.कार्यालयको भौतिक अवस्था कस्तो छ ?	अति राम्रो (४४ %)	ठीकै (५४ %)	नराम्रो (२ %)
		१४.कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईंलाई जानकारी छ ?	छ (३० %)	आंशिक जानकारी छ (४८ %)	कुनै जानकारी छैन (२२ %)
		१५.कार्यालय र सेवाग्राहीबीचको सम्बन्ध कस्तो छ ?	अति राम्रो (४० %)	ठीकै (६० %)	खासै राम्रो छैन (०)
		१६.पालिकातहमा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्तवर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?	२० प्रतिशतजति (१८ %)	५० प्रतिशतभन्दामाथि (४० %)	थाहा छैन (४२ %)
		१७.सभाबाट कानुन बनाउँदा र कार्यपालिकामा नीति, नियम र निर्देशिका र मापदण्ड तर्जुमा गर्दा छलफलमा प्रतिनिधित्व भएको छ ?	छ (६ %)	ठीकै छ (४२ %)	प्रतिनिधित्व साह्रै कम छ (५२ %)
६	नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो	१८.तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?	धेरै (१६ %)	कम (६२ %)	गरेको छैन (२२ %)
		१९.तपाईंको विचारमा	धेरै (८ %)	ठीकै (६८ %)	अतिकम (२४ %)

सञ्चार ... नेपाल ... गोरखा ... स्था. २०६०

	सुन्ने अधिकारी सम्बन्धमा	सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेजस्तो लाग्छ ?			
		२०.तपाईंको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?	धेरै भएको छ (०%)	ठीकै भएको छ (५८ %)	भएकै छैन (४२ %)

बहिर्गमन अभिमत (Exit Poll) बाट प्राप्त अभिमत

उर्लाबारी नगरपालिका कार्यालय तथा वडा कार्यालयबाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरी बाहिरिएका नागरिक मध्ये १५० जना नमूना छनोट गरी बहिर्गमन सूचना संकलन गरियो । यसमा पुरुष, महिला, विभिन्न जातजातिको प्रतिनिधित्व गरिएको थियो ।

बहिर्गमन अभिमतबाट प्राप्त प्रतिक्रिया:

सि.नं.	सेवाको नाम	मूल्याङ्कन		
१	सेवालिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईंलाई स्पष्ट जानकारी भयो	अति स्पष्ट (४८प्रतिशत)	ठीकै (५० प्रतिशत)	अस्पष्ट (२ प्रतिशत)
२.	सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?	अति धेरै (६६प्रतिशत)	ठीकै (३४प्रतिशत)	थोरै (० प्रतिशत)
३.	तपाईं प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?	मिलनसार र मैत्रीपूर्ण (६८प्रतिशत)	ठीकै (३२ प्रतिशत)	अभद्र/ अमर्यादित (० प्रतिशत)
४.	सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु बारे तपाईंलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?	स्पष्ट गरिदिए (५६प्रतिशत)	ठीकै (४४प्रतिशत)	अलमलहुने गरी अस्पष्ट सूचना दिए (०प्रतिशत)
५.	तपाईंले राख्नुभएका समस्यालाई के कस्तो समाधानदिए?	अति सजिलो तरिकाबाट समाधान दिए (३४प्रतिशत)	ठीकै (६२प्रतिशत)	समाधान दिन सकेनन् (४ प्रतिशत)
६.	सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ?	अति सजिलो (३८ प्रतिशत)	ठीकै (६२ प्रतिशत)	लामो र झन्झटिलो (०प्रतिशत)

<u>बहिर्गमन अभिमतबाट आएकागुनासा तथा सुधार गर्नुपर्ने पक्षहरु:</u>

१) भौतिक संरचना सुधार गर्नुपर्ने ।
२) कर्मचारी कार्यलय समयमा भेटिनुपर्ने ।
३) वडाअध्यक्ष कार्यलयमा नियमित बस्नुपर्ने ।
४) पार्किङको व्यबस्था गर्नुपर्ने ।
५) बिकास बजेट बृदि गर्नुपर्ने ।
६) बिधालय सुधारमा लाग्नुपर्ने ।
७) वडा कार्यलय जाने बाटो पिच गर्नुपर्ने ।
८) उपोभोक्ता समितिको काम छिटो गनुपर्ने ।

सञ्चार क्लब नेपाल उर्लाबारी, मोरङ स्था: २०६०